**प्रदेश र स्थानीय तहमा समपूरक तथा विशेष अनुदान बाँडफाँट गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना**

**(प्रकाशित मितिः २०७६/०६/०७)**

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र संशोधन कार्यविधि, २०७६ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ र संशोधन कार्यविधि, २०७६ मा व्यवस्था भएबमोजिम प्रदेश र स्थानीय तहबाट कार्यक्रमहरू/आयोजनाहरूमा समपूरक तथा विशेष अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरू तयार गरी यो सूचना जारी भएको ३० दिनभित्र अनलाईनमार्फत राष्ट्रिय योजना आयोगमा पठाउनुहुन सबै प्रदेश तथा स्थानीय तहलाई यो सूचना जारी गरिएको छ।

प्रस्ताव पेश गर्दा प्रदेश तहको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाबाट पेश गर्नुपर्नेछ। आयोजना प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात र विवरणको जानकारीको लागि राष्ट्रिय योजना आयोगको वेवसाइट www.npc.gov.np मा गई "समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने" लिंकमा जानुहुन अनुरोध छ ।आवश्यक सूचना तथा फाईलहरू समेत उक्त लिंकबाट डाउनलोड गर्न सकिनेछ । यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगमा टेलिफोन नं. ०१४२११९५८ मा र समपूरक अनुदानको लागि mgrant@npc.gov.np र विशेष अनुदानको लागि sgrant@npc.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

समपूरक तथा विशेष अनुदानको लागि कार्यक्रम प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा लग ईन गर्ने प्रकृया यस प्रकार रहेको छ ।

१. प्रदेशहरूको लागि लग-इन गर्ने विवरणहरू राष्ट्रिय योजना आयोगबाट फोन मार्फत उपलब्ध गराईनेछ। www.npc.gov.np मा "समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने" लिंक खोल्ने र उक्त विवरणहरू राखी लग ईन गर्ने।

२. महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाको लागि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको मोबाईल नम्बर रूजु गरी लग इन गर्ने विवरणहरू पठाइनेछ। आयोगको वेवसाईट www.npc.gov.np मा गई "समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने" लिंक खोली उक्त विवरणहरू राखी लग इन गर्ने।

# समपूरक अनुदान

**(अ) समपूरक अनुदान प्रस्ताव सम्बन्धी शर्तहरूः**

**१. समपूरक अनुदानको लागि निम्न क्षेत्रका परियोजना रकम माग गर्न सकिनेछः-**

| क्र.सं. | मूलभूत क्षेत्रहरू | कार्यविधि बमोजिमका क्षेत्रहरू |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | (क) पर्यटन पूर्वाधार निर्माण आयोजना/कार्यक्रम |
| २ | कृषि, भूमिसुधार तथा वन क्षेत्र | क. कृषि उपजको भण्डारण गृह तथा शीतगृह सम्बन्धी आयोजना/कार्यक्रम<br>ख. नवीनतम प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाई तथा नदी नियन्त्रण आयोजना/कार्यक्रम<br>ग. वन तथा वातावरण संरक्षण सम्बन्धी आयोजना/कार्यक्रम |

| क्र.सं. | मूलभूत क्षेत्रहरू | कार्यविधि बमोजिमका क्षेत्रहरू |
|---|---|---|
| ३ | पूर्वाधार क्षेत्र | क. ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकासका लागि कार्यान्वयन गरिने नमूना आवास आयोजना/कार्यक्रम<br>ख. मझौला तथा ठूला पुल निर्माण सम्बन्धी आयोजना/कार्यक्रम<br>ग. सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन र विज्ञान तथा प्रविधि पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना/कार्यक्रम<br>घ. स्थानीय, ग्रामीण वा कृषि सडक, जल मार्ग, शहरी सडक वा प्रदेश लोकमार्गसँग सम्बन्धित सडक आयोजना<br>ङ. विद्युत सेवाबाट वञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाईनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण आयोजना/कार्यक्रम |
| ४ | सामाजिक क्षेत्र | क. प्रदेश विश्वविद्यालय, विद्यालय भवन निर्माण जस्ता शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम<br>ख. स्वास्थ्य चौकी अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार निर्माण आयोजना/कार्यक्रम<br>ग. खानेपानी सम्बन्धी आयोजना/कार्यक्रम<br>घ. नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम |
| ५ | सुशासन तथा अन्य क्षेत्र | क. स्थानीय तहको वडा कार्यालय रहने भवन निर्माण आयोजना/कार्यक्रम<br>ख. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका आयोजना/कार्यक्रम |

**२. समपूरक अनुदानको लागि आयोजना/कार्यक्रमको कूल लागत, बजेट सीमा, आयोजना अवधि र प्रस्वात पेश गर्ने समय सीमा**

(क) गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि दश करोड रुपैयाँसम्म,

(ख) उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान पाँच करोड रुपैयाँदेखि पच्चीस करोड रुपैयाँसम्म,

(ग) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमको कुल लागत अनुमान बीस करोड रुपैयाँ देखि एक अर्ब रुपैयाँसम्म।

(घ) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजनाको वार्षिक अनुमानित खर्चमा कम्तीमा ५०% रकम सम्बन्धित प्रदेश वा स्थानीय तहबाट सहलगानीको रुपमा छुट्टाएको हुनु पर्नेछ ।

(ङ) समपूरक अनुदानको लागि रकम माग गर्ने आयोजना/कार्यक्रम बढीमा ३ वर्षमा सम्पन्न हुनुपर्नेछ ।

## ३. समपूरक अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार/पेश गर्नु पर्ने विवरण तथा कागजातहरू

**कागजातहरू**

(क) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report)

(ख) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत ईञ्जिनियरिङ् प्रतिवेदन (DER) वा ईञ्जिनियरिङ् डिजाईन वा ड्रईङ् डिजाईन/स्पेसिफिकेशन सहितको विस्तृत प्रतिवेदन

(ग) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(घ) आयोजनाको कूल लागत अनुमान सारांश (Summary of Cost Estimates)

(ङ) आयोजना कार्यान्वयन र सञ्चालनबाट सिर्जना हुने प्रत्यक्ष रोजगारीको विश्लेषण प्रतिवेदन

(च) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

**विवरणहरू**

(क) आयोजना कार्यान्वयन र सञ्चालनबाट लाभान्वित हुने जनसंख्याको विवरण

(ख) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ग) आयोजना निर्माण/कार्यान्वयन/सञ्चालन गर्दा उपयोग हुने स्थानीय श्रोत, साधनको विवरण

(घ) आयोजना/कार्यक्रम नेपाल सरकारको वर्तमान नीति तथा कार्यक्रम, सम्बन्धित प्रदेश वा स्थानीय तहको नीति तथा कार्यक्रम, वार्षिक कार्यक्रम र प्राथमिकतामा परेको पुष्ट्याईको विवरण

(ङ) आयोजनाले सम्बन्धित प्रदेश वा स्थानीय तहको पूर्वाधार निर्माणसंग सम्बन्धित रहेको पुष्ट्याईको विवरण

(च) आयोजनाले सम्बन्धित प्रदेश वा स्थानीय तहको जनताको आयस्तर वा गरीबी निवारणमा योगदान पुऱ्याउने पुष्ट्याईको विवरण

(छ) आयोजना कार्यान्वयनको लागि भौतिक क्षमता र जनशक्ति उपलब्ध रहेको पुष्ट्याईको विवरण

(ज) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण र वार्षिक अपेक्षित भौतिक प्रगतिको विवरण

## ४. आयोजना प्रस्ताव गर्दा निम्नलिखित शर्तहरू पुरा भएको घोषणा गर्नुपर्नेछ ।

| क्र.सं. | शर्तहरू |
|---|---|
| १. | आयोजनाको कुल लागत निर्धारित सीमाभित्र रहेको (गाउँपालिका वा नगरपालिकाका लागि रू.१ करोडदेखि १० करोडसम्म, उप महानगरपालिका वा महानगरपालिकाका लागि रू.५ करोड देखि २५ करोडसम्म र प्रदेशका लागि २० करोड देखि १ अर्बसम्म) |
| २. | आयोजना अवधि बढीमा ३ वर्ष भएको |
| ३. | बुदा नं. ३ मा उल्लेखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको (खुलाउनुपर्ने) |
| ४. | आयोजना कार्यान्वयन गर्नुपर्ने आवश्यकता र पुष्ट्याई भएको |
| ५. | आयोजना कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्ति उपलब्धता रहेको |
| ६. | प्रदेश वा स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित रहेको |
| ७. | जनताको आयस्तर तथा गरिबी निवारणमा योगदान पुऱ्याउने |
| ८. | प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेटमा परेको |
| ९. | स्थानीय सीप, स्रोत र साधनको उपयोग हुने |

| क्र.सं. | शर्तहरू |
|---|---|
| १०. | कम्तिमा ५० प्रतिशत रकम विनियोजन गरेको |
| ११. | नेपाल सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको |
| १२. | आयोजनाको विस्तृत प्रतिवेदन, ड्रइङ्ग, डिजाईन, स्केच भएको |
| १३. | आयोजनाको सम्भाव्यता अध्ययन भएको |
| १४. | प्रचलित कानुन बमोजिम वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय मूल्यांकन आवश्यक पर्ने भएमा सो मूल्यांकन भएको |
| १५. | वार्षिक लागत सहित आयोजनाको कार्यान्वयन योजना भएको |
| १६. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपुरक अनुदानबाट कार्यान्वयन गर्ने कार्यक्रम/आयोजनासँग दोहोरो नपरेको |
| १७. | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको |

५. आयोजन प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगले तयार गरेको वेव साईटबाट विवरणहरू अनलाईन भरी प्रस्ताव गर्नुपर्नेछ । माथि क्र.स. ३ मा उल्लेखित कागजातहरू अनलाईनमा पेश गर्ने नसक्ने (प्रत्येक फाईल 10MB भन्दा ठुलो) भएमा त्यसको सारांश तयार गरी पेश गर्नु पर्नेछ । राष्ट्रिय योजना आयोग लाई आवस्यक भएमा उक्त कागजातको प्रतिलिपी मगाउन सक्नेछ ।

# विशेष अनुदान

**(अ) विशेष अनुदान प्रस्ताव सम्बन्धी शर्तहरूः**

**६. विशेष अनुदानको लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछः-**

| क्र.सं. | मुलभूत क्षेत्रहरू | कार्यविधि बमोजिमका क्षेत्रहरू |
|---|---|---|
| १ | शिक्षा | न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकासको लागि सो क्षेत्रमा सञ्चालन गरिने विशेष शैक्षिक कार्यक्रम/आयोजना |
| २ | स्वास्थ्य | बाल मृत्यूदर तथा मातृ मृत्यूदर अत्याधिक भएका क्षेत्रहरूमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष कार्यक्रम/आयोजना |
| ३ | खानेपानी | दुर्गम तथा आर्थिक रूपले पिछडिएको क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिने खानेपानी आपूर्ति सम्बन्धी कार्यक्रम/आयोजना |
| ४ | समावेशीकरण तथा मूलप्रवाहीकरण | अल्पसंख्यक, सिमान्तकृत वर्ग एवम दुर्गम तथा पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेद परेका वर्ग वा समुदाय उत्थान वा विकासको लागि लक्षित गरी सञ्चालन गरिने कुनै कार्यक्रम/आयोजना |
| ५ | तहगत सन्तुलन | प्रदेश वा स्थानीय तहबीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न सञ्चालन गरिने कार्यक्रम/आयोजना |
| ६ | खाद्य सुरक्षा | खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सुनिश्चित गर्ने कार्यक्रम/आयोजना |
| ७ | फोहोर मैला व्यवस्थापन | आधुनिक प्रविधिको उपयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने कार्यक्रम/आयोजना |

## ७. विशेष अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार/पेश गर्नु पर्ने विवरण तथा कागजातहरू

**कागजातहरू**

(क) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report)

(ख) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत ईञ्जिनियरिङ् प्रतिवेदन (DER) वा ईञ्जिनियरिङ् डिजाईन वा ड्रईङ् डिजाईन/स्पेसिफिकेशन सहितको विस्तृत प्रतिवेदन वा पुर्वाधार बाहेकका आयोजनामा आयोजना/कार्यक्रमको कार्यान्वयन ढाँचा र समयतालिका

(ग) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(घ) आयोजनाको कूल लागत अनुमान सारांश (Summary of Cost Estimates)

(ङ) आयोजना कार्यान्वयन र सञ्चालनबाट सिर्जना हुने प्रत्यक्ष रोजगारीको विश्लेषण प्रतिवेदन

(च) प्रदेश वा स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

**विवरणहरू**

(क) आयोजना कार्यान्वयन र सञ्चालनबाट लाभान्वित हुने जनसंख्याको विवरण

(ख) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ग) आयोजना निर्माण/कार्यान्वयन/सञ्चालन गर्दा हुने स्थानीय श्रोत, साधन परिचालनकोविवरण

(घ) आयोजना/कार्यक्रम नेपाल सरकारको वर्तमान नीति तथा कार्यक्रम, सम्बन्धित प्रदेश वा स्थानीय तहको नीति तथा कार्यक्रम, वार्षिक कार्यक्रम र प्राथमिकतामा परेको पुष्ट्याईको विवरण

(ङ) आयोजनाले सम्बन्धित प्रदेश वा स्थानीय तहको जनताको आयस्तर वा गरीबी निवारणमा योगदान पुऱ्याउने पुष्ट्याईको विवरण

(च) आयोजना कार्यान्वयनको लागि वित्तीय तथा भौतिक क्षमता र जनशक्ति उपलब्ध रहेको पुष्ट्याईको विवरण

(छ) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण र वार्षिक अपेक्षित भौतिक प्रगतिको विवरण

## ८. आयोजना प्रस्ताव गर्दा निम्नलिखित शर्तहरू पुरा भएको घोषणा गर्नुपर्नेछ :

| क्र.सं. | शर्तहरू |
|---|---|
| १. | आयोजनाको कुल लागत सीमाभित्र रहेको (प्रदेशको हकमा कम्तीमा रू.१० करोड र स्थानीय तहको हकमा कम्तीमा रू. ५० लाख) |
| २. | आयोजना कार्यान्वयन गर्नुपर्ने आवश्यकता र पुष्ट्याई भएको |
| ३. | आयोजना कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्ति उपलब्धता रहेको |
| ४. | माथि उल्लेखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको |
| ५. | प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेटमा परेको |
| ६. | नेपाल सरकारको प्राथमिकतामा परेको |
| ७. | पूर्वाधार निर्माण सम्बन्धी आयोजनाको हकमा आयोजनाको विस्तृत प्रतिवेदन, ड्रइङ्ग, डिजाईन, स्केच भएको |
| ८. | आयोजनाको सम्भाव्यता अध्ययन भएको |
| ९. | प्रचलित कानुन बमोजिम वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय मूल्यांकन आवश्यक पर्ने भएमा सो मूल्यांकन भएको |

| क्र.सं. | शर्तहरू |
|---|---|
| १०. | आयोजनाको प्रस्ताव तयार भएको |
| ११. | वार्षिक लागत सहित आयोजनाको कार्यान्वयन योजना भएको |
| १२. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपुरक अनुदानबाट कार्यान्वयन गर्ने कार्यक्रम/आयोजनासँग दोहोरो नपरेको |
| १३. | आयोजना अवधि बढीमा ३ वर्ष भएको |
| १४. | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको |

**९. आयोजना प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगले तयार गरेको वेव साईटबाट विवरणहरू अनलाईन भरी प्रस्ताव गर्नुपर्नेछ । उल्लेखित कागजातहरू अनलाईनमा पेश गर्ने नसकिने ( प्रत्येक फाईल 10MB भन्दा ठुलो ) भएमा त्यसको सारांश तयार गरी पेश गर्नु पर्नेछ । राष्ट्रिय योजना आयोगमा आवश्यक भएमा उक्त कागजातको प्रतिलिपी मगाउन सक्नेछ ।**

**१०. आयोजना प्रस्तावसम्बन्धी अन्य जानकारीको लागि संलग्न फाईलहरू हेर्न सकिनेछ ।**

(क) समपूरक अनुदान सम्बन्धी कार्यविधी, २०७५

(ख) समपुरक अनुदान सम्बन्धी कार्यविधी (पहिलो संशोधन), २०७६

(ग) बिशेष अनुदान सम्बन्धी कार्यविधी, २०७५

(घ) विशेष अनुदान सम्बन्धी कार्यविधी (पहिलो संशोधन), २०७६

(ङ) आयोजना विवरण वेव साईटमा भर्ने प्रयोगकर्ता पूस्तिका